नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
साइबर ब्यूरो

फोन: ९८५१२८६७७०, ०१-४२११०४४
Ext:
Email: cyberbureau @nepalpolice.gov.np
भोटाहिटी, काठमाडौं

मिति: २०७९-१२-१७ गते।

# प्रेस विज्ञप्ति

## अनलाइनको दुरुपयोग गरी महिलाको चरित्रहत्या गर्ने महिला पक्राउ।

सामाजिक सञ्जाल फेसबुक मेसेन्जरमा कुराकानीका क्रममा म र मेरा पूर्व प्रेमी बीच भएका गोप्य भिडियो तथा फोटोहरू को, कसले, कहाँबाट प्राप्त गरी सो सामाग्रीहरू मेरा हुने वाला श्रीमानको म्यासेन्जरमा पठाई चरित्रहत्या गरेकोले उक्त व्यक्ती पत्ता लगाई पाउन यस ब्यूरोमा निवेदन प्राप्त हुन आएको। प्राप्त निवेदन माथि प्रारम्भिक अनुसन्धान तथा प्राविधिक विश्लेषण गर्दा उक्त कार्यमा संलग्न जिल्ला जुम्ला गुठीचौर गाउँपालिका वडा नं ४ थामीगाउँ खल्लाबाडा स्थायी वतन भई हाल जिल्ला काठमाडौं नेपालटार स्थितमा डेरा गरी बस्ने वर्ष १९ की देवकी न्यौपाने खुल्न आएकोले निजलाई विद्युतीय (ईलेक्ट्रोनिक) कारोबार ऐन २०६३, अन्तर्गतको कसूरमा सम्मानित जिल्ला अदालत काठमाडौंबाट पक्राउ अनुमति लिई, पक्राउ गरी, सम्मानित अदालतको मिति २०७९/१२/१७ गतेको आदेशले दिन सात (७) म्याद थप भई आवश्यक अनुसन्धान कार्य भई रहेको।

अनलाइनबाट म र मेरा साथीको फोटो इडिट गरी अश्लील क्याप्सन राखी फेसवुकको टायम लाइन मार्फत सार्वजनिक गरी मेरो चरित्रहत्या गरेकोले उक्त व्यक्ती पत्ता लगाई कानुन बमोजिम कारबाही गरी पाउन यस ब्यूरोमा निवेदन प्राप्त हुन आएको। प्राविधिक अनुसन्धान, विश्लेषण र ईन्टेलिजेन्सका आधारमा फेक प्रोफाईल बनाई संचालन गर्ने जिल्ला पाँचथर तुम्मेवा गाउँपालिका वडा नं. ३ स्थायी वतन भई हाल जिल्ला काठमाडौं कोटेश्वर स्थित डेरा गरी बस्ने वर्ष ३५ की मुना त्रिताल खुल्न आएको हुँदा निजलाई विद्युतीय (ईलेक्ट्रोनिक) कारोबार ऐन २०६३, अन्तर्गतको कसूरमा सम्मानित जिल्ला अदालत काठमाडौंबाट पक्राउ अनुमति लिई, पक्राउ गरी, सम्मानित अदालतको मिति २०७९/१२/१४ गतेको आदेशले दिन चार (४) म्याद थप भई आवश्यक अनुसन्धान कार्य भई रहेको।

विभिन्न सामाजिक संजालका प्लेटफर्महरूमा निवेदकको फेक प्रोफाईल बनाई अश्लील सम्वाद गर्नुका साथै टिकटकबाट समेत बदनाम गराउने भिडियोहरू प्रदर्शन गरेकाले अनुसन्धानको क्रममा उक्त कार्यमा संलग्न जिल्ला गोरखा गण्डकी गाउँपालिका वडा न १ स्थायी वतन भई हाल काठमाडौं जिल्ला बुढानिलकण्ठ नगरपालिका वडा नम्बर १० आकासेधारा बस्ने वर्ष ३९ को उर्मिला घिमिरे खुल्न आएको हुदाँ निजलाई विद्युतीय (ईलेक्ट्रोनिक) कारोबार ऐन २०६३, अन्तर्गतको कसूरमा सम्मानित जिल्ला अदालत काठमाडौंबाट पक्राउ अनुमति लिई, पक्राउ गरी, सम्मानित अदालतको मिति २०७९/१२/१३ गतेको आदेशले चार (४) दिन म्याद थप भई आवश्यक अनुसन्धान कार्य भई रहेको ।

उप-निर्देशक
(पशुपति कुमार राय)
प्रहरी उपरीक्षक
प्रवक्ता एवं सूचना अधिकारी
सम्पर्क नम्वर: ९८५१२८६७७२